प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहमा शिक्षण संस्था स्थानान्तरण, कार्यक्रम परिवर्तन, क्रेडिट ट्रान्सफर र अध्ययन निरन्तरताका लागि निवेदन पेश गर्ने बारेको सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७७।१२।२३ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आंगिक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहका बिभिन्न शैक्षिक कार्यक्रममा अध्ययनरत बिद्यार्थीहरुले स्थानान्तरण, कार्यक्रम परिवर्तन, अध्ययन निरन्तरता र क्रेडिट ट्रान्सफर गरी अध्ययन गर्न चाहेमा उपयुक्त कारण खुलाई मिति २०७८।०१।०५ गते आईतबार कार्यालय समय भित्र परीक्षा नियन्त्रण कार्यालयमा निम्न शर्तहरु पुरा गरी देहाय बमोजिमका कागजातहरु संलग्न गरेर मात्र निवेदन दर्ता गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १. शिक्षण संस्था स्थानान्तरण सम्वन्धमा :

(क) बिद्यार्थीले शिक्षण संस्था स्थानान्तरण गर्नका लागि स्पष्ट कारण खुलेको निवेदन

(ख) रजिष्ट्रेशन कायम गरीएको कार्डको प्रतिलिपी

(ग) स्थानान्तरण दिने र लिने दुवै संस्थाको कोटा (छात्रवृत्ति वा पुर्ण शुल्कीय) खुलेको सहमति पत्र, शिक्षण संस्थामा कोटा रिक्त रहेको सक्कल पत्र र अघिल्लो बर्ष/सेमेष्टरको अन्तिम परीक्षाको प्रमाणित परीक्षा आवेदन समष्टिगत पेश गर्नुपर्नेछ ।

(घ) परिषद्का आंगिकबाट आंगिकमा, साझेदारीबाट साझेदारीमा, सामुदायिकबाट सामुदायिकमा र निजीबाट निजी शिक्षण संस्थामा मात्र बिद्यार्थीहरु स्थानान्तरण हुन सक्नेछन् ।

(ङ)आन्तरिक मुल्यांकन परीक्षामा अनुतिर्ण बिद्यार्थीलाई शिक्षण संस्था स्थानान्तरणको सहमति दिइने छैन ।

(च) शिक्षण संस्थाहरुले स्थानान्तरणका लागि सहमति दिंदा आफ्नो शिक्षण संस्थामा रिक्त कोटाको संख्यामा मात्र सिफारिस दिनुपर्नेछ ।

(छ) सवै कागजात एवं प्रकृयाहरु परीक्षा नियन्त्रण कार्यालयबाट सूचना प्रकाशित मिति पछिको हुनुपर्नेछ ।

### २. कार्यक्रम परिवर्तन सम्वन्धमा :

(क) प्रथम बर्ष कुनै कार्यक्रम अध्ययन गरी रजिष्ट्रेशन कायम भएको बिद्यार्थी पाठ्यक्रमले तोकेको अन्य कार्यक्रममा दोश्रो बर्षमा स्थानान्तरण भई कार्यक्रम परिवर्तन गरी अध्ययनका लागि स्वीकृति लिन निवेदन पेश गर्न सक्नेछ ।

(ख) रजिष्ट्रेशन कायम गरीएको कार्डको प्रतिलिपी

(ग) कार्यक्रम परिवर्तन गरी अध्ययन गर्न दिने र लिने दुवै संस्थाको कोटा (छात्रवृत्ति वा पुर्ण शुल्कीय) खुलेको सहमति पत्र, शिक्षण संस्थामा कोटा रिक्त रहेको सक्कल पत्र र अघिल्लो बर्ष/सेमेष्टरको अन्तिम परीक्षाको प्रमाणित परीक्षा आवेदन समष्टिगत पेश गर्नुपर्नेछ ।

(घ) परिषद्का आंगिकबाट आंगिकमा, साझेदारीबाट साझेदारीमा, सामुदायिकबाट सामुदायिकमा र निजीबाट निजी शिक्षण संस्थामा मात्र बिद्यार्थीहरु कार्यक्रम परिवर्तनका लागि निवेदन दिन सक्नेछन् ।

(ङ)आन्तरिक मुल्यांकन परीक्षामा अनुतिर्ण बिद्यार्थीलाई कार्यक्रम परिवर्तनको सहमति दिइने छैन ।

(च) शिक्षण संस्थाहरुले कार्यक्रम परिवर्तनका लागि सहमति दिंदा आफ्नो शिक्षण संस्थामा रिक्त कोटाको संख्यामा मात्र सिफारिस दिनुपर्नेछ ।

(छ) सवै कागजात एवं प्रकृयाहरु परीक्षा नियन्त्रण कार्यालयबाट सूचना प्रकाशित मिति पछिको हुनुपर्नेछ ।

### ३. क्रेडिट ट्रान्सफर गरी अध्ययन गर्ने सम्वन्धमा :

(क) परिषद्को कुनै कार्यक्रम अध्ययन सम्पन्न गरेको बिद्यार्थी पाठ्यक्रमले तोकेको अन्य कार्यक्रममा दोश्रो बर्षबाट क्रेडिट ट्रान्सफर गरी अध्ययनका लागि स्वीकृति लिन निवेदन पेश गर्न सक्नेछ ।

(ख) रजिष्ट्रेशन कायम गरीएको कार्ड र अध्ययन सम्पन्न गरेको शैक्षिक प्रमाणपत्रहरुको प्रतिलिपी

(ग) क्रेडिट ट्रान्सफर गरी दोश्रो बर्षबाट अध्ययन गराउने शिक्षण संस्थाको पुर्ण शुल्किय कोटा रिक्त रहेको र पाठ्यभार अनुसार शिक्षण/प्रशिक्षण सम्पन्न गराउन सक्ने सहमति पत्र

(घ)क्रेडिट ट्रान्सफर हुन चाहेको शिक्षण संस्थामा कोटा रिक्त रहेको सक्कल पत्र र अघिल्लो बर्षको अन्तिम परीक्षाको प्रमाणित परीक्षा आवेदन समष्टिगत पेश गर्नुपर्नेछ ।

(ङ) शिक्षण संस्थाहरुले सहमति दिंदा आफ्नो शिक्षण संस्थामा रिक्त कोटाको संख्यामा मात्र सिफारिस दिनुपर्नेछ ।

(च) सवै कागजात एवं प्रकृयाहरु परीक्षा नियन्त्रण कार्यालयबाट सूचना प्रकाशित मिति पछिको हुनुपर्नेछ ।

### ४. अध्ययन निरन्तरता सम्वन्धमा :

(क) परिषद्मा रजिष्ट्रेशन कायम भएको बिद्यार्थी विशेष कारणवश अध्ययन गर्न छुटेमा पाठ्यक्रमले तोकेको समयावधी भित्र अध्ययन निरन्तरताका लागि स्वीकृति लिन निवेदन पेश गर्न सक्नेछ ।

(ख) रजिष्ट्रेशन कायम गरीएको कार्डको प्रतिलिपी

(ग) अध्ययन निरन्तरता दिने शिक्षण संस्थाको कोटा (छात्रवृत्ति वा पुर्ण शुल्कीय) खुलेको सहमति पत्र

(घ) जुन शिक्षण संस्थामा अध्ययन टुटेको हो सोही शिक्षण संस्थामा मात्र अध्ययन निरन्तरताका लागि निवेदन दिन सक्नेछन् ।

(ङ)अध्ययन निरन्तरता गर्न चाहेको शिक्षण संस्थामा कोटा रिक्त रहेको सक्कल पत्र र अघिल्लो बर्ष/सेमेष्टरको अन्तिम परीक्षाको प्रमाणित परीक्षा आवेदन समष्टिगत पेश गर्नुपर्नेछ ।

(च) शिक्षण संस्थाहरुले अध्ययन निरन्तरताका लागि सहमति दिंदा आफ्नो शिक्षण संस्थामा रिक्त कोटाको संख्यामा मात्र सिफारिस दिनुपर्नेछ ।

(छ) सवै कागजात एवं प्रकृयाहरु परीक्षा नियन्त्रण कार्यालयबाट सूचना प्रकाशित मिति पछिको हुनुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**